# वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## वालिङ, स्याङ्जा

### गण्डकी प्रदेश, नेपाल

**नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी प्रकाशित सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०६।०२ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क र यस वालिङ नगरपालिकाको आन्तरिक आय संकलन तथा आय ठेक्का बन्दोबस्ती सम्बन्धी कार्यविधि, २०७७ को व्यवस्था बमोजिम नगरसभाबाट स्वीकृत भए बमोजिम तपसिलमा उल्लेखित नदी/खोलाहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी वालिङ नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क.सं. | ठेक्का नं. | ठेक्का नाम (विवरण) | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम (अग्रिम आयकर र मु.अ.कर) बाहेक रु. | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | १/२०८२/०८३ | भिरकोट नगरपालिकाको सीमाना ओढारे देखि सुकौंदी पुलको मापदण्डसम्म वालिङ न.पा. वडा नं १/६/९ र ११ | २०,६६० | ५१,०३,२८६/- | कबोल अंकको २.७५ प्रतिशत | ३०००।०० |
| २ | २/२०८२/०८३ | सुकौंदी पुलको मापदण्ड देखि गल्याङ नगरपालिकाको सिमाना सम्म वालिङ न.पा. वडा नं. ८/९/१० र १३ | १५,६२० | ३८,५८,३४१/- | कबोल अंकको २.७५ प्रतिशत | ३०००।०० |

<u>शर्तहरु:</u>

१. फर्मको हकमा आ.व. २०८२।०८३ को लागि नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाल बैंक लि.,वालिङ शाखामा रहेको यस कार्यालयको Office Account No. sutrarevenue. fcgo.gov.np मा जम्मा गरेको बैक भौचर वा राजस्व शाखामा नगदै रु.३०००/- तिरेको रसिद साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको १२:०० बजे भित्र बैंक जम्मा गरेको बैंक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको www.bolpatra.gov.np (विद्युतीय माध्यम तथा हार्डकपी) द्वारा बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ। आफूले बोलकबोल गरेको अंकको २.७५ प्रतिशत हुन आउने धरौटी वापतको रकम यस कार्यालयको नेपाल बैंक लि.,वालिङ शाखामा रहेको धरौटी खाता नं. ०८३०३०००००३०००००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौंचर वा ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत १२० दिनको म्याद भएको विड बण्ड पेश गर्नु पर्नेछ ।

२। खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय माध्यमद्धारा दर्ता गर्नु पर्नेछ ।

३। एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन् र रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको २ बजेदेखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन् । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४। प्रि विड बैठक यो सूचना प्रकाशित मितिले ७ दिन दिनको २ बजे वालिङ नगरपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५। बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन् । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

६। बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउन पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको नाममा २०८३ साल जेष्ठ १५ गते सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्ट बन्ड) समेत पेश गरी पट्टा उठाउन पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक सो वा शूल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम र १.५ प्रतिशत अग्रिम आयकर समेत यस कार्यालयमा बुझाउन पर्नेछ । नियमानुसार नेपाल सरकारलाई अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन पर्नेछ ।

७। तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस वालिङ नगरपालिका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

८। बोलपत्र फारम खरिद/दर्ता गर्ने समयः

| | | |
|---|---|---|
| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समयः २०८२।०६।३१ कार्यालय समय भित्र | बोलपत्र दर्ता गर्ने अन्तिम मितिः २०८२।०६।३१ गते, समयः दिँउसो १२:०० बजे भित्र | बोलपत्र खोल्ने मिति २०८२।०६।३१ गते समयः दिँउसो २:०० बजे |

वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ स्याङजा

वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय वालिङ, स्याङ्जा २०७३

प्रमुख प्रशासकीय अधिकृत

## आर्थिक वर्ष २०८२/२०८३

### आन्तरीक आय ठेक्काको बोलपत्र फारम

| | |
|---|---|
| आन्तरीक आय संकेत न. | |
| ठेक्काको विषय क्षेत्र | नदीजन्य पदार्थ उत्खनन |
| बोलपत्र फाराम न. | |
| बोलपत्रदाताको नाम | |
| बोलपत्रदाताको ठेगाना | |
| | |

**ठेक्का न. १/२०८२/२०८३ /** भिरकोट नगरपालिकाको सीमाना ओढारे देखी सुकौंदी पुलको मापदण्ड सम्म वालिङ नगरपालिकाको वडा नं. १/६/ ९ र ११ ।

वालिङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वालिङ स्याङजा

वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय वालिङ, स्याङजा २०७३

प्रमुख प्रशासकीय अधिकृत

# बोलपत्र फाराम

वालिङ नगरपालिका नगरकार्यपालिकाको कार्यालयद्धारा प्रथम पटक प्रकाशित मिति २०८२/०६/०२ मा यस कार्यालयको वेभ साइट तथा पत्रिका मार्फत प्रकाशित सूचना अनुसार वालिङ नगरपालिकाको आधीखोलाबाट सूचानामा प्रकाशीत क्षेत्र भित्रबाट नदीजन्य पदार्थ उत्खनन ओसारपसार बिक्री वितरण कार्यको लागि निम्न रकममा लिन मञ्जुर गरी यो बोलपत्र पेश गरेको छु।

**कबोल गरेको बार्षिक अंक रु. ...................................................**

**अक्षेरुपी .......................................................**

कबोल गरेको अंकको २.७५ प्रतिशत हुने जमानत रकम रु. .................................. नेपाल बैक लि. शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता ०८३०३०००००३००००००००१ मा जम्मा गरेको बैक भौचर जमानत (१२० दिन म्याद भएको) संलग्न छ ।

**ठेक्का न. १/२०८२/२०८३ ठेक्का अविध (मिति २०८३ को जेष्ठ मसान्त सम्म)**

| क्र.स. | घाट, खोलाको विवरण | उत्खनन परिमाण *घन मिटर* | उठाउने दर प्रति घ.मि. (मु.अ.कर र अग्रिम आयकर बाहेक) रु. | आ.ब.२०८२/२०८३ को लागि कायम भएको न्यूनतम अंक (मु.अ.कर र अग्रिम आयकर बाहेक) |
|---|---|---|---|---|
| १. | भिरकोट नगरपालिकाको सिमाना ओढारे देखी सुकौदी पुलको मापदण्ड सम्म वालिङ नगरपालिकाको वडा नं. १/६/९ र ११ । (नेपाल सरकारले तोकेको पुलको मापदण्ड बाहेक) । | २०६६० | २४७.०१ | |

**बोलपत्रदाताको विवरण**

| | |
|---|---|
| बोलपत्रदाताको नाम | |
| बोलपत्रदाताको ठेगाना .............................<br>दस्तखत .............................. | |
| सम्पर्क न. | |
| मिति ...................................... | |
| फर्मको छापः | |

वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ स्याङजा

वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय वालिङ, स्याङ्जा २०७३

प्रमुख प्रशासकीय अधिकृत

## आर्थिक वर्ष २०८२/२०८३

### आन्तरीक आय ठेक्काको बोलपत्र फारम

| | |
|---|---|
| आन्तरीक आय संकेत न. | |
| ठेक्काको विषय क्षेत्र | नदीजन्य पदार्थ उत्खनन |
| बोलपत्र फाराम न. | |
| बोलपत्रदाताको नाम | |
| बोलपत्रदाताको ठेगाना | |
| | |

**ठेक्का नं. २/२०८२/२०८३ /** सुकौंदी पुलको मापदण्ड देखी तल गल्याङ नगरपालिकाको सिमाना सम्म वालिङ ८/९ / १०/ र १३

वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वालिङ स्याङजा

प्रमुख प्रशासकीय अधिकृत

## बोलपत्र फाराम

वालिङ नगरपालिका नगरकार्यपालिकाको कार्यालयद्धारा प्रथम पटक प्रकाशित मिति २०८२/०६/०२ मा यस कार्यालयको वेभ साइट तथा पत्रिका मार्फत प्रकाशित सूचना अनुसार वालिङ नगरपालिकाको आधीखोलाबाट सूचनामा प्रकाशित क्षेत्र भित्रबाट नदीजन्य पदार्थ उत्खनन ओसारपसार बिक्री वितरण कार्यको लागि निम्न रकममा लिन मञ्जुर गरी यो बोलपत्र पेश गरेको छु।

**कबोल गरेको बार्षिक अंक रु. ...................................................**

**अक्षेरुपी .........................................................**

कबोल गरेको अंकको २.७५ प्रतिशत हुने जमानत रकम रु. .................................. नेपाल बैक लि. शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता ०८३०३००००००३००००००००१ मा जम्मा गरेको बैंक भौचर जमानत ९१२० दिन म्याद भएको० संलग्न छ ।

**ठेक्का नं. २/२०८२/२०८३ ठेक्का अवधि (मिति २०८३ को जेष्ठ मसान्तसम्म)**

| क्र.सं. | घाट, खोलाको विवरण | उत्खनन परिमाण *घन मिटर* | उठाउने दर प्रति घ.मि. (मु.अ.कर र अग्रिम आयकर बाहेक) रु. | आ.ब.२०८२/२०८३ को लागि कायम भएको न्यूनतम अंक (मु.अ.कर र अग्रिम आयकर बाहेक) |
|---|---|---|---|---|
| १. | सुकौदी पुलको मापदण्ड देखि तल गल्याङ नगरपालिकाको सिमाना सम्म वालिङ ८/९ / १०/१३ । (नेपाल सरकारले तोकेको पुलको मापदण्ड बाहेक) । | १५६२० | २४७.०१ | |

**बोलपत्रदाताको विवरण**

| | |
|---|---|
| बोलपत्रदाताको नाम | |
| बोलपत्रदाताको ठेगाना ..............................<br>दस्तखत .............................. | |
| सम्पर्क नं. | |
| मिति ...................................... | |
| फर्मको छापः | |